मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.२०८१/८२
च.नं.

**बगर खेतीमा सहयोग र चैते धान वाली प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्यनको सूचना ।**

**प्रथम पटक प्रकाशन मितिः- २०८१।०८।१३ गते**

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **बगर खेतीमा सहयोग र चैते धान वाली प्रवर्द्धन कार्यक्रम** संचालनका लागि कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था हरुले माग गरिएको कागजातहरु सहित प्रथम पटक प्रकाशित मितिले २१ औं दिन भित्र (मिति २०८१/०९/०३ गते सम्म) कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल बमोजिमका **आवश्यक कागजातहरु** संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित्त नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

| सि.न. | कार्यक्रमको नाम | मापदण्ड कृषकको हकमा | मापदण्ड कृषक समुह/कृषि सहकारीको हकमा |
|---|---|---|---|
| १ | **बगर खेतीमा सहयोग** | कम्तिमा ५ कठ्ठा बगर क्षेत्रमा उत्पादन गर्न ईच्छुक कृषक। | - |
| २ | **चैते धान वाली प्रवर्द्धन कार्यक्रम** | न्यूनतम १० कठ्ठा क्षेत्रफलमा खेती गर्न ईच्छुक कृषक । | न्यूनतम १० बिधा क्षेत्रफलमा व्यवसायिक रुपमा चैते धान खेती गर्न ईच्छुक |

आवश्यक कागजपत्रहरुः

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
२. कृषक/कृषक समूह/कृषि सहकारी संस्थाहरुले मापदण्ड अनुसार जग्गाको लालपुर्जा र मालपोत तिरेको रसिदको प्रतिलीपी तथा लिजमा लिएको जग्गाको जग्गा धनि पूर्जा, मालपोत तिरेको रसिद र करारनामा/मन्जुरनामा पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्ने ।
३. सम्वन्धित वडा कार्यालय वा स्थानिय तहमा रहेको कृषि बिकास शाखाको सिफारीश पत्र पेश गर्नु पर्ने ।
४. कृषकको हकमा नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र कृषि सहकारी संस्थाको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिक्ताको प्रतिलिपी।
५. आवेदक कृषक समूह/कृषि सहकारी संस्थाहरुको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण, २०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी र आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणी समितिको निर्णयको स्वंयम प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
६. कृषक समूह/कृषि सहकारी संस्थाहरुको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी पत्र ।

अनुदानका शर्तहरुः

आ) **बगर खेतीमा सहयोग कार्यक्रमको लागिः**

क. कृषकले उत्पादन तथा उत्पादक्तव वृद्धि कार्यक्रम अन्तर्गत उन्नत वीउ, प्राङ्गारिक मल, कृषि चुन लगायत अन्य, औजार तथा यन्त्र उपकरणहरु, साना सिंचाई व्यवस्थापन र तालिम तथा क्षमता अभिबृद्धिको लागि निवेदन दिन सक्ने छन् ।

ख. बजार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आवश्यकता र औचित्यको आधारमा माँग गर्न सक्ने छन् ।

आ) **चैते धान वाली प्रवर्द्धन कार्यक्रमको लागिः**

१. कृषक समूह/कृषि सहकारीको हकमा तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण "क", "ख" र "ग" तिनैमा तथा कृषकको हकमा "क" मा मात्र आवेदन दिन सक्ने छन् ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

प.सं.२०८१/८२
च.नं.

क. उत्पादन तथा उत्पादक्तव वृद्धि कार्यक्रम अन्तर्गत उन्नत वीउ, प्राङ्गारिक मल, कृषि चुन लगायत अन्य, औजार तथा यन्त्र उपकरणहरु, साना सिंचाई व्यवस्थापन र तालिम तथा क्षमता अभिबृद्धि ।

ख. उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रमहरु अन्तर्गत हार्भेष्टिङ्ग, ड्राईर, थ्रेसिङ्ग फ्लोर, ग्रेडर, प्रशोधन, गोदाम घर लगायतका उत्पादनोपरान्त प्रविधि तथा पूर्वाधार निर्माण ।

ग. बजार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ढुवानीको साधन, संकलन केन्द्र निर्माण, बेईङ्ग/डिजिटल ब्यालेन्स यन्त्र उपकरण, डिजिटल मार्केटिङ्ग र सफ्टवेयर ।

२. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट विगत २ वर्षमा अनुदान नलिएको/झुटा बिवरण पेश नगरेको/कुनै बेरुजु वा अनियमिततामा नपरेको/कार्यालयमा खराव आचरण प्रस्तुत नगरेको स्व-घोषणा पत्र ।

३. गत विगत बर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अवलम्वन गरेको, वढी लागत सहभागिता भएको कृषक/कृषक समूह/कृषि सहकारी संस्थाहरुलाई प्राथमिक्ता दिईनेछ ।

४. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ ।

५. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ ।

६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७. बिशेष जानकारीको लागि मो.न. ९८५२८८०५०१, ९८५२८५०६०५ र मो.न.९८५२८८०५०५ मा सम्पर्क गर्न सकिन्छ।

......................
कृषि ज्ञान केन्द्र, सिरहा

नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह